मिति: २०७९।१२।२७ , बैठक संख्या - १४

आज मिति २०७९।१२।२७ गते सोमबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ .व २०७९/८० को चौधौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. **अध्यक्ष** : श्री समर बहादुर अधिकारी .........................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई .........................................................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन .........................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या .........................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ .........................................................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी .........................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ .........................................................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ .........................................................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु .........................................................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती .........................................................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई .........................................................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मग्राती .........................................................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई .........................................................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया .........................................................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा .........................................................................

१६. **सदस्य सचिव** श्री प्रकाश अधिकारी .........................................................................

१७.आमन्त्रित सदस्य श्री लक्ष्मी चुहान.........................................................................

१८.कार्यलय सहयोगी श्री बजेन्द्र पुरी.........................................................................

मिति: २०७९।१२।२७ , बैठक संख्या - १४

**प्रस्तावहरु:-**

१. नयाँ पकेट विकास कार्यक्रम छनौट सम्बन्धमा ।
२. पुरानो पकेट विकास कार्यक्रमको निरन्तरता सम्बन्धमा ।
३. लोकतन्त्र दिवसको अवसरमा खेलकुद कार्यक्रम आयोजना गर्ने सम्बन्धमा ।
४. उद्यमघर निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धमा ।
५. यस पालिकाका विभिन्न योजना तथा परियोजना सञ्चालनका लागि जग्गा प्राप्तिको निम्ति निम्न बमोजिमका कारबाही अघि बढाउने सम्बन्धमा ।

मिति: २०७९।१२।२७ , बैठक संख्या - १४

**निर्णय नं. १**

हिलिहाङ गाउँपालिकामा आ.व. ०७९/८० मा कृषि सेवा केन्द्र तर्फको शसर्त कार्यक्रम **तरकारिको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम** संचालनका लागि कार्यालयले प्रकाशित गरेको सुचना बमोजिम तोकिएको म्यादभित्र प्राप्त रित पुरा भएका प्रस्तावहरुलाई तपसिल बमोजिमको बजेट सहित छनौट गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | समुहको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १. | नयाँ सुर्योदय आई.पी.एम कृषक पाठशाला कृषक समुह | हिलिहाङ-७ | ६ लाख |
| २. | आद मुखी कृषि तथा पशुपञ्छी पालन समुह | हिलिहाङ-१ | ६ लाख |

**निर्णय नं २**

गत आ.व. २०७८/७९ मा स्थापना भएको **तरकारीबाली पकेट विकास कार्यक्रमको निरन्तरता (सशर्त तर्फ) कार्यक्रम** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम यस आ.व. २०७९/८० मा निरन्तरताको लागि तपसिल बमोजिमका समुहहरूलाई छनौट गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र.सं. | कृषक समुहको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १. | श्री जुझारु बहुउद्धेश्य कृषक समूह | हिलिहाङ-५ | २ लाख |
| २. | श्री पाथिभरा कृषक समूह | हिलिहाङ-६ | २ लाख |
| ३. | श्री सुर्योदय आई.पि.एम कृषक पाठशाला समूह | हिलिहाङ-७ | २ लाख |

**निर्णय नं. ३**

हिलिहाङ गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत अध्यक्ष कप अन्तरपालिका भलिबल प्रतियोगिता(पुरूष/महिला) शिर्षकमा विनियोजित रकम रु. ५,००,०००।- (अक्षेरेपी पाँच लाख रुपैयाँ) बाट **अध्यक्ष कप अन्तरपालिका पुरूष भलिबल प्रतियोगिता** लोकतन्त्र दिवसको अवसर पारेर मिति २०८० बैशाख ११ गतेबाट खेलकुद प्रतियोगिता सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

चालू आ.व. २०७९/०८० को वार्षिक वजेट तथा कार्यक्रम सशर्त अन्तर्गत अति गरिब परिवारको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्र (उद्यमघर) स्थापनाको लागि वडा छनौट तथा जग्गा प्राप्त गर्न सार्वजनिक सूचना आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

यस पालिकाका विभिन्न योजना तथा परियोजना सञ्चालनका लागि जग्गा प्राप्तिको निम्ति निम्न बमोजिमका कारबाही अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

क. हिलिहाङ गाउँपालिका वडा नं. ७ को खोप केन्द्र निर्माणका लागि पाँचथर जिल्ला हिलिहाङ गाउँपालिका वडा नं. ७ बस्ने श्री कृष्ण बहादुर थापाले आफ्नो नाममा दर्ता कायम भएको हिलिहाङ गाउँपालिका वडा नं. ७ साविक भारपा-९ ख कि.नं. ५६ क्षेत्रफल १८-१४-०-१ मध्येबाट जम्मा १-०-०-० स्वेच्छिक रूपमा निःशुल्क जग्गा दान गर्न मञ्जुरीनामा सहित निवेदन पेश गर्नु भएकोले उक्त जग्गा प्राप्तिको लागि आवश्यक प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

मिति: २०७९।१२।२७ , बैठक संख्या - १४

ख. हिलिहाङ गाउँपालिका वडा नं. ७ को सल्लेरी भिमशेन थान मन्दिर स्तरउन्नती तथा निर्माणका लागि पाँचथर जिल्ला हिलिहाङ गाउँपालिका वडा नं. ७ बस्ने श्री लक्ष्मी प्रसाद श्रेष्ठ,रुद्र कुमार श्रेष्ठ र भक्त बहादुर श्रेष्ठको संयुक्त नाममा दर्ता कायम भएको हिलिहाङ गाउँपालिका वडा नं. ७ साविक भारपा-८ घ कि.नं. १६२ क्षेत्रफल ६-१५-०-१ मध्येबाट जम्मा ०-८-०-० स्वेच्छिक रूपमा निःशुल्क जग्गा दान गर्न मञ्जुररीनामा सहित निवेदन पेश गर्नु भएकोले उक्त जग्गा प्राप्तिको लागि आवश्यक प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।